मिति: २०७५ जेष्ठ ४

# प्रेस विज्ञप्ति

## ज्योति विकास बैंक लिमिटेडको सुर्खेत स्थित एक्सटेन्सन काउन्टर जन माध्यामिक विद्यालयमा

प्रमुख अथिति विरेन्द्रनगर नगरपालिका वडा नं ६ का वडा अध्यक्ष श्री मोती प्रसाद कडेल तथा बैंकका अध्यक्ष श्री हरि चन्द्र खड्काद्वारा एक कार्यक्रमका बिच जेष्ठ ४ गतेका दिन संयुक्त रुपमा ज्योति विकास बैंक लि. को सुर्खेत स्थित जन माध्यामिक विद्यालयमा एक्सटेन्सन काउन्टर उद्घाटन गर्नु भयो ।

यस बैंकको निकट भविष्यमा नै ९ वटा नयाँ शाखा र ८ वटा नयाँ एटिएम संचालनमा ल्याउने लक्ष्य रहेको छ । बैंक संचालनमा आएको दशौं वर्षमा बैंकको विश्वसनीय छवि ( Reliable Corporate Image) बजारमा स्थापित गर्न सफलभएको छ । आफ्ना ग्राहकको आवश्यकता र सुविधालाई ध्यानमा राखि बैंकले निःशुल्क ईन्टरनेट बैंकिङ्ग सेवा, मोबाइल बैंकिङ्ग सेवा, लकर सेवा, एटिएम सेवा, ३६५ दिने बैंकिङ्ग सेवाका साथै C-ASBA तथा ABBS सेवा समेत उपलब्ध गराएको छ । हालै बैंकले आफ्नो रेमिट सेवा ज्योति रेमिट पनि संचालनमा ल्याएको छ । हाल बैंकले ५० वटा शाखा एवं १४ वटा एटिएम मार्फत सेवा उपलब्ध गराउँदै आएको छ । हालसम्म बैंकले १ लाख ५० हजारभन्दा बढि खाताबाट रु. १५ अर्व ६ करोड निक्षेप संकलन गरी १० हजारभन्दा बढि ऋणी मार्फत रु. १३ अर्व ८५ करोड ऋण लगानी गर्न सफल भएको छ । बैंकको हालको चुक्तापूँजी रु.२ अर्व ५९ करोड कायम रहेको छ ।

..........................................

मनोज कुमार ज्ञवाली
प्रमुख कार्यकारी अधिकृत